नेपाल राष्ट्र बैंक
भुक्तानी प्रणाली विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं. : ४४१९८०४/५/७
Website: www.nrb.org.np
E-mail : psdept @nrb.org.np

पत्र संख्या : भु.प्र.वि/नीति/परिपत्र/३/०७९/८०

मितिः- २०७९/१२/१३

अनुमतिपत्रप्राप्त भुक्तानी सेवा प्रदायक संस्थाहरू ।

विषय : <u>भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन-२०७९ मा संशोधन तथा थप गरिएको सम्बन्धमा ।</u>

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई मिति २०७९/१०/१६ मा जारी गरिएको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन-२०७९ को **अ.प्रा.निर्देशन नं.१४/०७९ ( बैंक तथा वित्तीय संस्था बाहेकका संस्थालाई जारी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी व्यवस्था)** मा देहाय बमोजिमका व्यवस्था थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७५ र भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**<u>बुँदा नं. १ को उपबुँदा (५) पछि थप गरिएको</u>**

तर, अनुमतिपत्रप्राप्त संस्थाले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ७च तथा सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०७३ को नियम ९ बमोजिम वार्षिक रु.१,००,०००।- (अक्षरेपी एक लाख) सम्मको कारोबार गर्ने मर्चेन्टलाई आवद्ध गर्दा सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सक्नेछन् । यसरी सरलीकृत ग्राहक पहिचान तथा सोको सम्पुष्टि गर्दा देहाय बमोजिमका मापदण्ड/प्रक्रिया अपनाउनु पर्नेछ :

१) सरलीकृत पद्धतिबाट मर्चेन्ट आवद्ध गर्न छुट्टै फारम तयार गरी देहायका विवरण लिनुपर्नेछ :

(क) व्यवसाय/मर्चेन्टको नाम

(ख) व्यवसायको ठेगाना,

(ग) सम्पर्क नं.

(घ) व्यवसायको प्रकृति

(ङ) कारोबार गर्ने भौगोलिक क्षेत्र

(च) अनुमानित मासिक कारोबार

(अ) संख्या :

(आ) रकम :

२) उपबुँदा (१) बमोजिमका विवरणको सम्पुष्टिको लागि देहाय बमोजिमको (कुनै दुई) मापदण्ड/प्रक्रिया अवलम्बन गर्नुपर्नेछ :

(क) व्यवसायको दर्ता (दर्ता भएको व्यवसायको हकमा)

(ख) मर्चेन्टको व्यवसायको अस्तित्व तथा गतिविधिको पुष्टि हुने कागजात (वडा कार्यालय वा स्थानीय निकायजस्ता विश्वसनीय तेस्रो पक्षले उपलब्ध गराएको)

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं. : ४४१९८०४/५/७
Website: www.nrb.org.np
E-mail : psdept @nrb.org.np

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

(ग) व्यवसायको स्थलगत निरीक्षण गरेर वा भरपर्दो भिडियो तथा फोटोमार्फत् प्रमाणीकरण,

(घ) व्यवसायको प्रकृति, कारोबार गर्ने भौगोलिक क्षेत्र र अनुमानित मासिक कारोबार संख्या तथा रकम सम्बन्धमा प्रोप्राइटरले गरेको लिखित स्वःघोषणा,

(ङ) VAT/PAN दर्ता (उपलब्ध भएमा)

३) संस्थाले व्यवसायको प्रोप्राइटरको पहिचान तथा सम्पुष्टि गर्नुपर्नेछ । पहिचान गर्दा देहाय बमोजिम विवरण तथा सोको सम्पुष्टिको लागि कागजात लिनुपर्नेछ :

(क) प्रोप्राइटरको नाम

(ख) ठेगाना

(ग) सम्पर्क नं.

(घ) नागरिकता वा राष्ट्रिय परिचयपत्र

(ङ) PAN दर्ता (उपलब्ध भएमा)

(यस निर्देशनको लागि प्रोप्राइटर भन्नाले उक्त व्यवसायको धनी अथवा सञ्चालक सम्झनु पर्छ ।)

४) यस निर्देशन बमोजिम आवद्ध गरिएका व्यवसायको एक भन्दा बढी प्रोप्राइटर भएको अवस्थामा सबै प्रोप्राइटरको उपबुँदा (३) बमोजिम पहिचान तथा सम्पुष्टि गर्नुपर्नेछ ।

५) कुनै व्यवसायको कारोबारमा परिवार बाहेक अन्य कुनै व्यक्ति वास्तविक धनी रहेको शंका लागेमा सोको समेत पहिचान गर्नुपर्नेछ ।

६) उपर्युक्त व्यवस्था बमोजिम आवद्ध गरिएका व्यवसाय/मर्चेन्टको छुट्टै सूची तयार गरी अद्यावधिक गरी राख्नुपर्नेछ ।

७) मर्चेन्ट आवद्ध गर्दा लिईएका विवरण देहायका अवस्थामा अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्नेछ :

(क) ग्राहक पहिचान विवरण अनुरुप कारोबार मेल नखाएको अवस्थामा,

(ख) ग्राहक पहिचान विवरणमा उल्लेखित सूचना, जानकारी तथा तथ्याङ्क सत्यता वा पर्याप्तताको बारेमा संस्थालाई शंका लागेको अवस्थामा,

(ग) जोखिम मुल्याङ्कन गर्दा उच्च जोखिम देखिएमा,

(घ) संस्थाले प्रत्यक्ष वा अप्रत्यक्ष, औपचारिक वा अनौपचारिक रुपमा प्राप्त गरेको सूचनाको आधारमा अद्यावधिक गर्न आवश्यक देखिएमा ।

भवदीय,

(गुरुप्रसाद पौडेल)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री वित्तीय जानकारी इकाई, काठमाडौं ।